पशुपन्छी बीमालेख नं. : ०१
बीमा समितिबाट जारी मिति: २०७९।०५।२८

...............................इन्स्योरेन्स कम्पनी लिमिटेड

# बाख्रा बीमालेख

यस बीमालेखमा उल्लेख भएको बाख्रापालनमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ................... बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "बाख्रा बीमालेख" रहेको छ।
(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात् प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा-
(क) **"अप्रत्यक्ष क्षति"** भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।
(ख) **"अभिलेख"** भन्नाले यस बीमालेखमा उल्लेख भएको बाख्राको तोकिए बमोजिमको संक्रामक रोग विरुद्धको खोप, उपचार तथा वंशावली अभिलेख राखिएको अभिलेख सम्झनु पर्छ।
(ग) **"क्वारेन्टिन"** भन्नाले कुनै पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टाछुट्टै राख्ने काम सम्झनु पर्छ।
(घ) **"घुम्ती चरन प्रणाली"** भन्नाले मौसमको अनुकुलता र चरन क्षेत्रको उपलब्धता अनुसार बाख्रालाई निश्चित समयको लागि एक स्थानबाट अर्को स्थान जस्तैः वेशी वा लेकमा सारिने प्रणाली सम्झनु पर्छ।
(ङ) **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षतिबापत् बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।
(च) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(छ) **"प्रस्तावक"** भन्नाले यस बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको बाख्राको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्छ।

(ज) **"प्राविधिक जाँच सिफारिस"** भन्नाले बीमा गर्न प्रस्तावित बाख्रा स्वस्थ तथा बीमायोग्य छ वा छैन भनी सम्बन्धित प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्यलाई सम्झनु पर्छ।

(झ) **"प्राविधिक"** भन्नाले एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरी पशु विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टी.एस.एल.सी.,उत्तीर्ण गरेको वा पशु विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यताप्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) **"पशु सेवा कार्यालय"** भन्नाले स्थानीय तह न.पा/गा.पा. मा रहेको पशु सेवा शाखा वा सम्बन्धित पालिका कार्यक्षेत्र रहेको प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ट) **"बाख्रा"** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएका सबै प्रजातिका बाख्रा, बोका, खसी, पाठापाठी, च्याङ्ग्रा, भेडा आदिको विवरण सम्झनु पर्छ।

(ठ) **"बीमक"** भन्नाले बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ।

(ड) **"बीमा अवधि"** भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ढ) **"बीमाङ्क रकम"** भन्नाले बीमालेख बमोजिम बाख्राको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ण) **"बीमालेख"** भन्नाले बीमकले जारी गर्ने बाख्रा बीमालेख सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची र तालिका लगायत बीमालेखसँग संलग्न कागजात सम्झनु पर्छ।

(त) **"बीमाशुल्क"** भन्नाले बीमालेखमा उल्लेख गरिएको बाख्राको बीमा गरेबापत् बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(थ) "**बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(द) **"बीमाको विषयवस्तु"** भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको बाख्रा सम्झनु पर्छ।

(ध) "**मूलभूत विवरण"** भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(न) **"मृत्यु प्रमाणपत्र"** भन्नाले सम्बन्धित इजाजतप्राप्त पशु चिकित्सकले बाख्राको मृत्यु भएको भनी लिखित रुपमा जारी गरेको प्रमाणपत्र सम्झनु पर्छ ।

(प) **"मृत्युको जानकारी वा निस्सा"** भन्नाले सम्बन्धित पशु सेवा प्राविधिकले बीमित बाख्राको मृत्यु भएको व्यहोरा जनाई लिखित रूपमा गरेको सिफारिस सम्झनु पर्छ ।

(फ) **"रक्षावरण"** भन्नाले बीमालेखमा उल्लेख भएको बाख्रामा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(ब) **"लापरवाही"** भन्नाले बीमितले बीमा गरिएको बाख्रालाई रोगका विरुद्ध निर्धारित समयमा नै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको वा उचित स्याहार, हेरचाह र उपचार नगराएको वा व्यवस्थित खोर नबनाएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ ।

(भ) **"संक्रामक रोग"** भन्नाले बीमालेखमा उल्लिखित रोग सम्झनुपर्छ र सो शब्दले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगलाई समेत जनाउँछ ।

(म) **"सङ्केतपट्टा"** भन्नाले बीमा गरिएको बाख्रालाई पहिचान गर्ने उद्देश्यले पशु प्राविधिकले लगाई दिने ट्याग, चिप्स, माइक्रो चिप्स, सील, क्यूआर कोड, बारकोड, आरएफ कोड जस्ता पहिचान खुल्ने सङ्केत वा प्रतिक चिन्ह सम्झनु पर्छ ।

(य) **"क्षति मूल्याङ्कनकर्ता"** भन्नाले यस बीमालेखमा भएको क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(र) **"क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले बाख्रापालनमा रक्षावरण गरिएको जोखिमबाट आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ल) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको वस्तुको हानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ ।

(व) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ ।

## परिच्छेद-२
## रक्षावरण

३. रक्षावरणः देहायका कारणबाट बीमा गरिएको बाख्रामा बीमा अवधिभित्र उल्लेखित क्षति वा नोक्सानी भएमा बीमकले बीमाङ्क रकमको सीमाभित्र रही क्षतिपूर्ति प्रदान गर्नेछ:-

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्नीको कारणले भएको क्षति

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति,

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति ।

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टिको कारणले भएको क्षति,

(२) असिना, हिउँ वा तुषारोको कारणले भएको क्षति,

(३) बाढी वा डुबानको कारणले भएको क्षति ।

(घ) भूमिजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति,

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति ।

(ङ) चट्याङ्जन्य क्षति:

(१) चट्याङको कारणले भएको क्षति ।

(च) रोगजन्य क्षति:

(१) रोगको कारणले भएको क्षति ।

(छ) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरुबाट हुने क्षति:

(१) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा घिसारेर, खसालेर वा लछारेर) बाट भएको क्षति ।

४. अतिरिक्त सुविधाः यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधिभित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमाबापत बीमाङ्क रकम रु. २,००,०००।- (अक्षरेपी दुईलाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछ:-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एउटा हातको नाडी देखि माथि पुरै हात काम नलाग्ने भएमा,

(घ) कुनै एउटा खुट्टाको गोलीगाँठो देखि माथि पुरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा ।

परिच्छेद-३

अपवाद

५. अपवादः (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

(क) अप्रत्यक्ष क्षतिः- बाख्रापालनबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायबाट पुर्याइएको क्षतिः अधिकारप्राप्त निकायको आदेशमा बाख्रा नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थः विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक हतियारः आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) युद्ध वा युद्ध सरहको अवस्थाः सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही, वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(२) अन्य क्षतिः देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन -

(क) बाख्राको सम्बन्धमा सत्यतथ्य कुरा लुकाई, छिपाई झुठ्ठा विवरण दिएको पाइएमा।

(ख) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्यले अथवा परीक्षण वा लापरवाहीको कारणले बाख्रामा क्षति पुर्याएमा।

(ग) बीमितले वा निजको एकाघर परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट बाख्रामा क्षति भएमा।

(घ) बाख्रा हराएमा वा चोरी भएमा।

(ङ) बाख्राको शरीरमा लगाई राखिएको सङ्केत पट्टा बीमा दावीको अवस्थामा शरीरमा नभेटिएमा।

(च) बीमा गरिएको बाख्रा प्रथम पटक बीमालेख जारी भएको मितिले पन्ध्रदिनभित्र रोगको कारणबाट मरेमा।

तर, सोही बाख्राको बीमा सोही बीमकमा पुनः बीमा वा नवीकरण गरिएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(छ) चरन, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि पहाडको हकमा गोठदेखि बीस किलोमिटर र तराईको हकमा दश किलोमिटर भन्दा बढीको दूरीमा क्षति भएमा।

तर, उच्च पहाडी र हिमाली क्षेत्र (पच्चीस सय मिटरभन्दा माथिको उचाईमा) घुम्ती चरन प्रणालीमा (Transhumance System) पालिएका बाख्रा र भेडाको हकमा यो व्यवस्था लागू हुने छैन।

(३) बीमा गरिएको बाख्रा आफूले पालिएको ठाउँभन्दा भिन्नै भौगोलिक क्षेत्रमा स्थानान्तरण गर्नु परेमा बीमकबाट पूर्व स्वीकृति लिनुपर्नेछ, यदि बीमा कम्पनीबाट पूर्व स्वीकृति नलिई बाख्रा स्थानान्तरण गरिएको हकमा क्षति भएमा बीमा दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन।

(४) बीमा गरिएको बाख्रा जुन प्रयोजनका लागि ल्याईएको हो सो भन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा।

## परिच्छेद-४
## बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृतिः (१) बीमालेख जारी गर्नुपूर्व बीमितले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

७. प्राविधिक जाँच सिफारिसपत्रः (१) बीमकले पूर्णरुपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकबाट बीमा गर्न प्रस्तावित बाख्रा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच वा सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी भएपश्चात् प्राविधिकले बीमा अवधिभित्र बीमा गर्न सिफारिस गरेको बाख्राको कम्तीमा एकपटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखमा टाँस गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भएपश्चात् बीमा गरिएको बाख्राको उपदफा (२) बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा नगरेको रहेछ भने बीमालेख स्वतः रद्द हुनेछ।

८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिद, अनुसूचीलाई एकमुष्ठ बाख्रा बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका बीमासँग सम्बन्धित प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. बीमालेख रद्द हुने अवस्था (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछ: -

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार, सम्भार नगरी गम्भीर लापरवाही गरेको,
(घ) बीमा गरेको वस्तु त्याग गरेको,
(ङ) गैरकानूनी तवरले बीमा गराएको ,
(च) बीमायोग्य हित कायम नभएको।

(२) कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको लिखित स्पष्टीकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र बीमा समितिमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वास्तविक मूल्यभन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी बीमा समितिलाई तुरून्त दिनु पर्नेछ।

१०. योगदानः (१) यस बीमालेखबाट बीमा गरिएको बाख्राको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको बाख्राको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो बाख्राको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नुपर्नेछ।

११. प्रत्यासनः (१) बीमा गरिएको बाख्राको क्षतिबापत् बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्नका लागि अधिकार बीमितले बीमकलाई सुम्पनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१२. स्वामित्व परिवर्तनः (१) बीमितले आफूले बीमा गरेको बाख्राको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिनभित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात् बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

(३) बीमित बाख्राको स्वामित्व हस्तान्तरण भएको हकमा स्वामित्व हस्तान्तरण भई सम्बन्धित स्थानमा पुगेपछि मात्र बीमा प्रक्रियाको शुरूवात हुनेछ।

(४) बेचविखनको सन्दर्भमा भिन्नै भौगोलिक क्षेत्र तथा हावापानी भएको ठाउँबाट ल्याइएको बाख्राको हकमा सातदिन पश्चातमात्र बीमाको प्रक्रिया शुरू गरिनेछ।

१३. बीमालेखको पुनर्स्थापनाः बाख्रा बीमालेख अन्तर्गत दावी परेपश्चात् बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१४. बीमालेखको अवधिः (१) बाख्रा बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी मिति उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेखमा उल्लेख गरिएको बाहेकका बीमालेखहरू जारी गर्दा जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्रबजे बीमा अवधि समाप्त हुनेछ।

१५. बीमकको कर्तव्यः देहायका सर्त लगायत यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण सर्तहरू बीमकले पालना गर्नुपर्नेछ:-

(क) बीमालेख जारी गर्नु अघि बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँचवटा र कम्तीमा एक (१) मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(ख) बीमकले पूर्णरूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा प्रक्रिया शुरु गर्नुपर्नेछ।

(ग) बाख्रा बीमालेख लिने बीमितको हकहित विरूद्ध क्षति पुर्याउनु हुँदैन।

(घ) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(ङ) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नु पर्नेछ।

(च) बीमकले यस बीमालेख बमोजिम बाख्राको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन।

१६. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पालना गर्नुपर्नेछ।

(२) बीमा गरिएको बाख्राको उचित स्याहार, रेखदेख गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) बीमितले दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई पूर्ण रूपमा सहयोग गर्नुपर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१७. आंशिक बीमा गर्न नपाईनेः यस बीमालेख अनुसार बीमा गरिने बाख्राहरूको आंशिक बीमा गर्न पाईने छैन।

## परिच्छेद – ५
## बीमाङ्क तथा बीमाशुल्क

१८. बीमाङ्क निर्धारणः (१) यस बीमालेख बमोजिम गरिने बाख्राको बीमाङ्क निर्धारण गर्दा बीमित, बीमक र पशु सेवा प्राविधिकको आपसी सहमतिमा कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमाङ्क रकम कायम गर्दा स्थानीय प्रचलित बजार मूल्य भन्दा बढी हुनु हुँदैन।

(३) विदेशबाट आयातित बाख्राको बीमाङ्क निर्धारण गर्दा अनिवार्य रुपमा विदेशमा पैसा पठाएको प्रमाणपत्र, वंशावली अभिलेख (Pedigree Record), बीजक, ढुवानीको निस्सा, राजश्व तिरेको कागज, प्रचलित कानून बमोजिम जारी गरिएको क्वारेन्टिन प्रमाणपत्र आदि पेश गरिएको हुनुपर्नेछ।

(४) बोयर र बोयर क्रस बाख्राको हकमा प्रारम्भिक चरणबाट नै फार्म अभिलेख कायम गरिएको हुनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको अभिलेखको ढाँचा अनुसूची-३ बमोजिम हुनुपर्नेछ र सो अभिलेख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले र सो केन्द्र नभएको खण्डमा सम्बन्धित पशु सेवा कार्यालयले प्रमाणित गरेको हुनु पर्नेछ।

१९. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भईसके पश्चात् बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने बाख्रा थप गर्नु परेमा त्यसरी थप गरिने बाख्राको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२०. बीमाशुल्क गणनाः (१) यस बीमालेख अनुसार जारी हुने बाख्राको बीमाशुल्क बीमाङ्कको आधारमा देहाय बमोजिम कायम गरिनेछः-

(क) एक महिना (एकतीस दिन) देखि तीन महिना (नब्बे दिन) सम्मको पाठा पाठीको हकमा बीमाङ्क रकमको सात प्रतिशतका दरले बीमाशुल्क लाग्नेछ।

(ख) तीन महिनामाथि (एकानब्बे दिन) देखि पाँच वर्षसम्मका बाख्राको हकमा पाँच प्रतिशतका दरले बीमाशुल्क लाग्नेछ।

(ग) पाँच वर्षभन्दा माथि सात वर्षसम्मका बाख्राको हकमा सात प्रतिशतका दरले बीमाशुल्क लाग्नेछ।

(२) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा अनुसूची-४ बमोजिमको बीमा गरिने बाख्राको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिकामा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ।

(३) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमाबापत् बीमाशुल्क प्रति बीमित पाँच सय रूपैयाँ लाग्नेछ।

(४) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क कायम गरिनेछ।

(५) बाख्रापालनको लागि प्रयोग हुने खोर वा भौतिक सम्पत्तिको बीमा समितिबाट जारी सम्पत्ति बीमा निर्देशिका, २०७५ मा तोकिएको दर बमोजिम गरिनेछ र यसमा अनुदान प्राप्त हुने छैन।

२१. बीमाशुल्क भुक्तानीः (१) बीमितले बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

२२. सामूहिक बीमाः (१) बाख्रा बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक रूपमा गरिएको बाख्रा बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ ।

(४) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन ।

२३. दावीरहित छूट सम्बन्धी व्यवस्थाः दावीरहित छुट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) बीमालेख अन्तर्गत कुनै दावी नपरेको अवस्थामा बीमालेख प्रथम पटक नवीकरण गर्दाको बखत ५% (पाँच प्रतिशत),

(ख) दोस्रो पटक नवीकरण गर्दाको बखत ७ % (सात प्रतिशत),

(ग) तेस्रो पटक नवीकरण गर्दाको बखत बीमाशुल्कको १०% (दश प्रतिशत) दावी रहित छुट प्रदान गरिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "नवीकरण" भन्नाले सोही बीमकमा सोही वस्तुको पुनःबीमा गराउने कार्य सम्झनु पर्छ ।

## परिच्छेद-६
## बाख्रा बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२४. पालना गर्नुपर्ने व्यवस्थाः (१) बीमितले बाख्रापालन गर्दा देहायका व्यवस्था पालना गर्नुपर्नेछः-

(क) एक महिनादेखि सात वर्ष उमेरसम्मको बाख्राको बीमा गर्न सकिनेछ ।

(ख) बीमाको समयमा सबै बाख्राहरु स्वस्थ तथा कुनै चोटपटक (फ्रयाक्चर नभएको, घाउ नभएको, लङ्गडो नभएको वा अन्य कुनै रोग आदि) नभएको हुनुपर्नेछ ।

(ग) उमेर र तौल अनुसार पाठापाठीहरूको हकमा एक महिनाको उमेर समूहलाई तथा वयस्क बाख्राको हकमा तीन महिनाको अन्तरालमा आन्तरिक परजीवी विरूद्ध औषधी खुवाइएको हुनुपर्नेछ र तीन महिना र सो भन्दा माथि उमेर समूहमा पी. पी. आर. (Goat Plague) रोग विरुद्धको खोप लगाएको प्रमाण बीमा प्रस्ताव फारामसाथ पेश गरेको हुनु पर्नेछ ।

(घ) बाख्रामा लगाइने पी. पी. आर. खोपको प्रमाणित प्रति सम्बन्धित पशु सेवा कार्यालयबाट लिएको हुनु पर्नेछ ।

(ङ) पच्चीस वा सोभन्दा माथिको संख्यामा पालन गरिएका बाख्राको हकमा देहाय बमोजिमको व्यवस्था पालना गरेको हुनुपर्नेछः-

(१) आन्तरिक परजीवी विरुद्ध औषधी खुवाइएको हुनुपर्नेछ ।

(२) तीन महिना उमेर समूहको र चार महिना उमेर समूहको हकमा क्रमशः पी.पी.आर. (Goat Plague) र संक्रामक रोग खोरेत (FMD) विरुद्धको खोप लगाएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको खोपको अभिलेख सम्बन्धित पशु सेवा कार्यालयबाट प्रमाणित गराई बीमकलाई उपलब्ध गराए पश्चात्‌मात्र बीमालेख जारी गर्न सकिनेछ।

(४) वयस्क बाख्राको खोर प्रदेश सरकार मातहतको सम्बन्धित पशु सेवा कार्यालयले तोकिएको न्यूनतम मापदण्ड बमोजिम हुनुपर्नेछ।

तर, २५०० मिटर उचाईभन्दा माथिको उच्च पहाडी क्षेत्रको हकमा यो व्यवस्था लागू हुने छैन।

(च) बीमा गरिएको वस्तुलाई बीमा नगरिएको वस्तुबाट छुट्टाछुट्टै राख्ने व्यवस्था गर्नुपर्नेछ।

(छ) बाख्राको लागि स्वच्छ, पर्याप्त आहार, पानी र सुरक्षित तथा व्यवस्थित खोरको व्यवस्था गरेको हुनुपर्नेछ।

(ज) प्रजननका लागि पालिएको बाख्राको हकमा छुट्टै खोरको साथै आवश्यक मात्रामा घाँस, दाना र प्रशस्त पानीको व्यवस्था गर्नुपर्नेछ।

(झ) हाडनातामा हुने प्रजननबाट (Inbreeding) उत्पादनमा पर्ने नकारात्मक प्रभावबाट जोगिन प्रजननका लागि राखिएको बोकालाई प्रत्येक एक वर्ष छ महिना(डेढ वर्ष)को अन्तरालमा सो स्थानबाट हटाई अर्को बोकाको व्यवस्था गर्नुपर्नेछ।

(ञ) बीमित बाख्रामा पशु सेवा प्राविधिकबाट संकेतपट्टा लगाएको हुनुपर्नेछ र बीमित बाख्रामा लगाएको सङ्केतपट्टा कुनै कारणवश हराएमा सोको जानकारी तत्काल बीमकलाई दिनु पर्नेछ।

(ट) जंगली जनावरबाट भएको आक्रमणको कारणबाट बीमा गरिएको बाख्रामा लगाइएको सङ्केतपट्टा वा अवशेष फेला नपरेको हकमा जिल्ला वन कार्यालय वा मातहतका कार्यालयको सिफारिस वा निकुन्ज तथा वन्यजन्तु आरक्षण भएको ठाउँमा निकुञ्ज वा वन्यजन्तु आरक्षणबाट क्षतिपूर्ति नलिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(ठ) प्राविधिकको परामर्श अनुसार बाख्रालाई स्वस्थ्य र निरोगी राख्नु पर्नेछ र कुनै रोग लागेमा वा अस्वस्थ भएमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, रोकथाम वा उपचार गराई सोको प्रमाण सुरक्षित राख्नु पर्नेछ।

(ड) बीमकले चाहेको समयमा बीमकको प्रतिनिधिलाई जुनसुकै समयमा परीक्षण वा निरीक्षण गर्न दिनु पर्नेछ।

## परिच्छेद-७

## दावी सम्बन्धी प्रक्रिया

२५. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बाख्रामा क्षति भएमा क्षति भएको बाटोको म्यादबाहेक तीन दिनभित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, ईमेल, एस.एम.एस., लिखित पत्र वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएको अड्चालिस घण्टाभित्र बीमक वा बीमकको प्रतिनिधिले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

(३) बीमितले दावी भुक्तानी प्रक्रियाको लागि देहायको कागजातहरू संलग्न गरी बीमक समक्ष पेश गर्नुपर्नेछः-

(क) पूर्णरुपले भरिएको दावी फाराम।

(ख) पूर्णक्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति।

(ग) कम्तीमा पाँचजना छिमेकको सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई)।

(घ) स्थानीय तह मातहतको सम्बन्धित पशु सेवा कार्यालयको सिफारिस।

(ङ) बाख्रामा लगाइएको सङ्केतपट्टा र सो देखिने गरी बाख्रा सहितको फोटो।

(च) कुनै संक्रामक रोगको कारणबाट अड्चालिस घण्टाभित्र पाँच वटा वा सोभन्दा बढी बाख्रा समान लक्षणहरू देखाउँदै मरेमा नमूना (Sampling) को आधारमा पोस्टमार्टमको रिर्पोट।

२६. दावी फछर्यौट सम्बन्धी व्यवस्था: (१) बीमकले आफूसमक्ष परेको बाख्राको बीमा दावीको तत्काल छानबीन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नुपर्नेछ।

(३) बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक उपदफा (१) बमोजिम दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र बीमकले क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसँगै संलग्न गरेको हुनुपर्नेछ।

तर, क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र अनुसूची-५ बमोजिम भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नुपर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा कृषि, पशुपन्छी तथा जडिबुटी निर्देशिकाको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएमा बीमकले क्षति मूल्याङ्कनकर्ताका लागि समितिको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्नसक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधिभित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिनभित्र बीमकले दायित्व यकिन गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारणसहित लिखित जानकारी बीमितलाई दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकममा अधिक बापतको रकम कट्टा गरी दावी भुक्तानी गर्नुपर्नेछ।

२७. दावी भुक्तानी तालिकाः (१) यस बीमालेखमा उल्लेख गरिएको एकमहिना (एकतीस दिन) देखि तीन महिना (नब्बे दिन) सम्मका पाठापाठीको हकमा अनुसूची-६ बमोजिम भुक्तानी गरिनेछ।

(२) दुग्ध प्रयोजनका लागि पालिने बाख्राको हकमा दुवै थुन खराब वा पूर्णरूपले अनुत्पादक भएमा बीमकले बीमाङ्क रकमको पचास प्रतिशत र एउटा थुन खराब भई त्यसबाट दुग्ध उत्पादन नभएको हकमा बीमाङ्क रकमको पच्चीस प्रतिशत तथा बाँझोपन भएमा बीमाङ्क रकमको तीस प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ।

तर, बाख्राको बाँझोपनको सम्बन्धमा बीमितले बीमा गरेको वस्तुभाउको औसत गर्भधारण समयावधि १५० (एकसय पचास) दिन भन्दा पूर्व बीमा दावी गर्न पाउने छैन र बाँझोपन भई निको नहुने अवस्थामा पुगेको बाख्राको पशु चिकित्सक वा प्रजनन विज्ञबाट प्रमाणित गरेको कागजात समावेश गर्नुपर्नेछ।

## परिच्छेद -८
## विविध

२८. अधिकः (१) यस बीमालेख अन्तर्गत कुल दावीयोग्य रकमको पाँच प्रतिशत वा रु. दश हजार मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गर्नुपर्नेछ।

(२) प्रजनन प्रयोजनका लागि पालिएको बाख्राको हकमा उपयुक्त प्रजनन (१ देखि ५ वर्ष) अवधिभित्र यदि पूर्ण रूपले प्रजननका लागि अयोग्य ठहरीएमा बीमकले बीमाङ्क रकमबाट मासुको मूल्य (live weight को आधारमा) र अधिक बापतको रकम घटाएर भुक्तानी गर्नुपर्नेछ।

तर, प्रजनन लागि अयोग्य ठहर लिखित रूपमा पशु चिकित्सक वा सम्बन्धित प्रजनन विज्ञले प्रमाणित गरेको हुनुपर्नेछ।

२९. विवाद समाधानः (१) देहायका कुनै अवस्था आईपरेमा बीमितले विस्तृत विवरण खुलाई बीमा समितिमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावी बापतको निवेदन लिन अस्वीकार गरेमा,
(ख) बीमकले दावी बापतको रकम दिन अस्वीकार गरेमा वा,
(ग) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी बापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा वा,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी बापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा,

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा ।

(२) बीमा दावी सम्बन्धमा बीमा समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय प्राप्त भएको मितिले ३५ (पैंतीस) दिनभित्र उच्च अदालतमा पुनरावेदनका लागि उजुरी दिन सकिनेछ ।

................ इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची - १

(दफा ६ सँग सम्बन्धित)

## बाख्रा बीमा प्रस्ताव फाराम

(१) बाख्रापालक प्रस्तावक (व्यक्ति वा संस्था) को नामः...................................

(२) पूरा ठेगानाः

प्रदेश..................जिल्ला............. पालिका............... वडा नं. ............... टोलः .................. मोबाइल नं. .......................फोन नं. ............. .. . ईमेल ठेगाना: .........................

पेशाः........................................................

(३) फार्मको नाम:

(४) फार्मको स्थापना मिति:

(५) प्रस्ताव फारम भरेको मिति:

(६) बाख्रा खरिद गरेको स्रोत:

(७) बीमा अवधि:

(८) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:

| क्र.सं. | बाख्राको जात | | उमेर (वर्ष) | बाख्राको रंग | पालिएको तरिका | सङ्केतपट्टा नम्बर | खरिद गरेको भए सोको मिति र खरिद मूल्य | जम्मा बाख्रा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय | आयतित वा क्रसब्रिड | | | बँधुवा वा चरन | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(९) बाख्रापालन गरिएको स्थानको पूर्ण विवरण/ ठेगानाः

प्रदेश.................जिल्ला.................पालिका................. वडा नं................. टोलः.................. कित्ता नं. .....................

चार किल्ला वा ऐलानी जग्गा जनाउने स्थानीय तहले दिएको संकेत नम्बर ....................................

(१०) कुन प्रयोजनका लागि बाख्रापालन गरिएको हो, खुलाउनुहोस् ? दुग्ध उत्पादन ☐ मासु उत्पादन ☐ प्रजनन प्रयोजन ☐

(११) बाख्रापालन व्यक्तिगत वा सामूहिक के हो, खुलाउनुहोस् ? ................................................

(१२) सामूहिक भए निम्न विवरण उल्लेख गर्नुहोस् :

समूहको नाम वा बीमालेख धारकको नामः .................................. बाख्रापालन गरिएको (खोर रहेको) स्थान: ............................

ठेगानाः..........................................प्रदेश:....................जिल्ला:................पालिका:................टोलः....... ............. फोन नं:/मोबाइल नं:.................................ईमेल ठेगाना:.....

(१३) बाख्रापालन सुरू गरिएको मिति: ....................................

(१४) बाख्राहरू स्वस्थ छन् वा छैनन्? यदि छैनन् भने रोगको विवरण दिनुहोस्: ............................................

(१५) बीमा गरिने बाख्रासँगै अन्य पशु पाल्नु भएको छ ? यदि छ भने उक्त पशुको विवरण उल्लेख गर्नुहोस् ।

..............................................................................................

(१६) बाख्रामा खोप लगाएको विवरण:

| सि.नं. | बाख्राको उमेर | खोपको नाम | रोगको उल्लेख | खोप लगाएको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(१७) बाख्रापालनका लागि प्राविधिक सेवा कहाँबाट लिनु भएको छ ?

...........................................................

(१८) बाख्रापालन सम्बन्धि तालिम लिनुभएको छ ? यदि छ भने तालिम दिने संस्थाको नाम र तालिमको अवधि उल्लेख गर्नुहोस।

......................................................................................................

(१९) पशुजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने, कहाँबाट के-के प्राप्त गर्नु भएको छ ?

..................................................................................................................................

(२०) तपाईले पाल्नु भएको बाख्रामा यस पूर्व कुनै संक्रामक रोग लागेको थियो ? ................................

(२१) यदि थियो भने, सोबाट कति रकम बराबरको क्षति भएको थियो ? ................................

(२२) यदि रोगबाहेक अन्य कारणबाट हानी-नोक्सानी भएको थियो भने निम्न विवरण भर्नुहोस्ः-

| वर्ष | क्षतिको कारण | बाख्राको संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

(२३) यस पूर्व कुनै बीमा कम्पनीमा बीमा गर्नु भएको थियो ? यदि थियो भने निम्न विवरणहरू उल्लेख गर्नुहोस् ?

| बीमकको नाम | बीमाङ्क रकम | बीमा गरेको बाख्राको संख्या | दावी गरेको बाख्राको संख्या | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|---|---|
| | | | | |

(२४) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त बाख्रापालनमा लगानी गरेको छ ? छ भने, उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः-

नाम/ठेगानाः

प्रदेश .................. जिल्ला ...................पालिका ............................. वडा नं ................. टोल .................... फोन नं./मोबाइल नं. ................................ इमेल ठेगानाः-...........................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकम रु. .........अक्षरेपी (......................................)

म/हामी माथि उल्लेखित प्रश्नहरुको उत्तर सत्य भएको, बाख्रापालन बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु। मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन। यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुराको स्वःघोषणा गर्दछु/गर्दछौं।

**प्रस्तावकको**

सहीः

नाम (संस्था वा व्यक्तिगत)

मितिः

संस्थाको छापः

प्यान नं. (संस्थाको हकमा)

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-२**

**(दफा ७ सँग सम्बन्धित)**

**प्राविधिक जाँच सिफारिसपत्र**

(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)

(१) बाख्रापालक प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) ......................................................

पूरा ठेगानाः

प्रदेश.......पालिका................टोल.....................फोन नं./मोबाइल नं. .............................. ईमेल ठेगाना ......................

(२) फार्मको नाम:

(३) प्रस्तावित बाख्राको विवरणः

| बाख्राको वर्गीकरण (जस्तै पाठा पाठी, माऊ, बोका आदि) | जात | उमेर | तौल | पालिएको तरिका बँधुवा वा चरन | सङ्केत पट्टा नं | हालको स्वास्थ्य स्थिति | बीमा गरिने प्रस्तावित बाख्राको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(४) बाख्रापालन गरिएको स्थानको पूर्ण विवरणः

प्रदेश:.................... पालिका:....................................टोल:......................

(५) बाख्रापालन गरिएको क्षेत्र (हिमाल/पहाड/तराई): ..............................

(६) बाख्रापालन गरिने खोरको अवस्था राम्रो छ वा छैन ? ......................................................

(७) के प्रयोजनको लागि बाख्रा पालिएको हो ? दुग्ध उत्पादन ☐ मासु उत्पादन ☐ प्रजनन प्रयोजन ☐

(८) बीमा गरिने बाख्रालाई संक्रामक रोग विरूद्ध खोप लगाएको छ वा छैन ? यदि छ भने खोपको विवरण उल्लेख गर्नुहोस्।

| क्र.सं. | बाख्राको उमेर | खोपको नाम | रोगको विवरण | खोप लगाएको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(९) दुग्ध प्रयोजनको लागि पालिने बाख्राको हकमा पहिले थुनेलोको लक्षण देखिएको थियो वा थिएन ? यदि थियो भने उल्लेख गर्नुहोस्।

(१०) हाल थुनेलोको लक्षण देखिएको छ कि छैन ?

(११) बाख्रामा क्षयरोग (Tuberculosis) को संक्रमण छ वा छैन ?

(१२) के पहिले बाख्रामा बाँझोपनको समस्या थियो?

(१३) अन्तरिक परजीबी विरुद्ध औषधि खुवाइएको छ वा छैन ?

(१४) बीमा गरिने बाख्रासँगै अन्य पशु वा बाख्रापालन गरिएको भए सोको विवरण उल्लेख गर्नुहोस्।

(१५) बाख्राहरूमा इनब्रिडिङ्ग रोक्ने प्रयास गरिएको छ वा छैन ?

(१६) बाख्राको उचित स्याहार गरिएको छ वा छैन ?

(१७) बाख्रामा कुनै रोगको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोगको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस् ।

(१८) त्यस क्षेत्रमा विगतमा बाख्रामा कुनै संक्रामक रोग लागेको थियो वा थिएन? यदि थियो भने कहिले कुन रोगबाट क्षति भएको हो उल्लेख गर्नुहोस् ।

..........................................................................................

(१९) बाख्रापालनको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरू कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण उल्लेख गर्नुहोस् ।

(२०) उक्त बाख्रापालनको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

.....................................................................................................................................

यस अनुसूचीमा उल्लिखित बाख्राहरूको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरे। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठीक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला ।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं. :

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं:.

कोड नं.:

दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छापः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -३**
**(दफा १८ को उपदफा (५) सँग सम्बन्धित)**

**बोयर र बोयर क्रस बाख्राको वंशावली अभिलेखको ढाँचा**

बाख्रा फार्मको नाम :
बाख्रा फार्मको धनीको नामः
बाख्रा फार्म स्थापना मिति:
ठेगाना :

**बाख्राको विवरण**

माऊको संकेतपट्टा नं:
जातीय शुद्धता (प्रतिशत):
माऊको तौल (के. जी.):

प्रजनन बोकाको संकेतपट्टा नं:
प्रजनन बोकाको जातीय शुद्धता (प्रतिशत):
प्रजनन बोकाको तौल (के. जी.):

| माऊ बाख्रा र प्रजनन बोकाबाट जन्मेका पाठा-पाठीको विवरण | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **जात** | **पाठा-पाठीको संख्या** | **उमेर** | **पाठाको तौल (के. जी.)** | **पाठीको तौल (के. जी.)** |
| | | | जन्मिंदा | | |
| | | | माऊबाट छुट्टाउँदा | | |
| | | | आठ महिनामा | | |
| | | | १२ महिनामा (वयस्क) | | |

| बोयर र बोयर क्रस बाख्राको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **बाख्राको जात** | **जातीय शुद्धता (प्रतिशत)** | **टयाग नं./ संकेतपट्टा नं.** | **एक पटकमा जन्मिने पाठा-पाठीको संख्या** | **औसत तौल (के.जी.)** | **एकदेखि अर्को बेतको जन्म अन्तराल** |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| दुग्ध उत्पादन प्रयोजन विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **बाख्राको जात** | **संकेतपट्टा नं.** | **दैनिक दुग्ध उत्पादन (प्रतिलिटर प्रतिदिनको)** |
| | | | |
| | | | |
| | | | |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा २० को उपदफा (२) सँग सम्बन्धित)**

**<u>बीमा गरिने बाख्राको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिका</u>**

<table>
<tr>
<td>बाख्रा बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं.<br>नागरिकता जारी गरिएको जिल्ला..........<br><br>नागरिकता जारी गरिएको मितिः<br><br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र नं.<br><br>किसिम तथा नम्बर....................<br><br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br><br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br><br>व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br><br>संस्थाको हकमा प्यान नं.<br><br>प्रस्तावकको ठेगानाः<br><br>प्रदेशः..................................जिल्ला.................................<br><br>पालिका....................वडा नं. ............टोल...................आवास..........<br><br>फोन नं. ..............................मोबाइल नं. .........................<br><br>ईमेल ठेगाना............................</td>
<td rowspan="2">बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नं:.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नं:.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय:<br><br>नगदी बीजक नं:.<br><br>बीमाङ्क रकम रुः</td>
</tr>
<tr>
<td>(खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>बाख्राको कुल संख्या ....................<br>बाख्राको उमेर....................................................<br>बाख्राको जातः................................<br>बाख्राको प्रकारः..................................<br>बीमा प्रारम्भ मितिः .......................<br>बीमा समाप्ति मितिः............................<br>बीमा अवधिः .................</td>
</tr>
</table>

| | |
|---|---|
| बाख्राको खोर रहेको स्थानः<br>क्षेत्रफल ....................................<br>प्रदेशः............................जिल्ला...................<br>पालिका...............<br>वडा नं.........................टोल...................आवास.......<br>फोन नं. ..............................मोबाईल नं. ................<br><br>ईमेल ठेगाना............................<br>कित्ता नं.......... चार किल्ला ......<br>ऐलानी जग्गाको हकमा स्थानीय तहले प्रदान गरेको संकेत नं. .................. | **बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकम:<br>ऋणको अवधि: |

| | **बाख्रा बीमा गणना तालिका** | | | | |
|---|---|---|---|---|---|
| **इच्छाईएको व्यक्तिको** | **बाख्रा विवरण** | **बाख्रा संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** |
| नाम, थरः | एक महिना (एकतीस दिन) देखि तीन महिनासम्म (नब्बे दिन) को पाठापाठी | | | बीमाङ्क रकमको सात (७) प्रतिशत | रु. "क" |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः | तीन महिना (एकानब्बे दिन) देखि पाँच वर्षसम्मको | | | बीमाङ्क रकमको पाँच (५) प्रतिशत | रु. "ख" |
| इच्छाईएको व्यक्तिको बाबुको नामः | पाँच वर्ष माथि देखि सातवर्षसम्मको | | | बीमाङ्क रकमको सात (७) प्रतिशत | रु. "ग" |
| | | कुल जम्मा बीमाशुल्क (क + ख + ग) | | | रु. "घ" |
| इच्छाईएको व्यक्तिको आमाको नामः | दावी रहित छुट भएमा (प्रतिशत खुलाउने) | (५% वा ७% वा १० %) = | | | रु. "ङ" |
| सम्पर्क नं.<br>मोबाईल नं. .............. आवासः................. | छुट पछिको बीमाशुल्क | दावी रहित छुट भएमा (घ – ङ) =<br>छुट नभएको हकमा (घ – ०) = | | | रु. "च" |
| ईमेल ठेगाना................................... | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | अनुदान बापत (च ×… % ) = | | | रु. "छ" |
| | | बीमितले तिर्ने (च – छ) = | | | रु. "ज" |
| | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमीतको सङ्ख्या "अ" | बीमाशुल्क (रु ५००) "आ" | | अ × आ |
| | | | | | रू. "झ" |
| | **बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क** | ज + झ = रु. …… | | | |

**बीमालेख स्वीकृत गर्नेको**

हस्ताक्षरः

नामः

पदः

मितिः

कम्पनीको छापः

**................ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

## अनुसूची -५

(दफा २६ को उपदफा (५) सँग सम्बन्धित)

**बाख्रा बीमा क्षति मूल्याङ्कन प्रतिवेदन**

(१) क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः............................................................

क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति .............

क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः............................................

प्यान नं. .............................................

(२) क्षति मूल्याङ्कन गर्ने लागिएको स्थानको पूरा ठेगानाः

प्रदेशः....................जिल्ला................पालिका .................... वडा नं............. टोलः....................

फोन नं. ................ मोबाइल नं. ................. ................ ईमेल ठेगाना ....................................

क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................

क्षति मूल्याङ्कन लागि लागेको अवधिः...............................

क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

(३) **दावी कर्ताको विवरणः**

बीमा दावी कर्ताको नामः ..........................................

ठेगानाः .............................................

बीमालेख नं............................................... .

क्षति भएको बीमाको किसिमः आंशिक ........................ पूर्ण....................

(४) **क्षति सम्बन्धी विवरणः**

क्षति भएको मितिः ............................................

क्षति भएको समयः ...........................................

क्षति मूल्याङ्कन गरिएको बाख्रापालन गरिएको स्थानको विवरणः

प्रदेश ..............जिल्ला ..................पालिका ............................ वडा नं........................ टोल.....................

फोन नं..............

मोबाइल नं........... ईमेल ठेगाना ...................

(५) **बाख्रा क्षति हुनुको कारणः**

**............................................** .

(६) **क्षति मूल्याङ्कनको विवरणः**

**.......................................................................**

(७) **बाख्रा संख्या क्षति भएको आधारमा मूल्याङ्कन**

बीमा भएको बाख्राको जातः.............................

जम्मा बीमा भएको बाख्रा संख्याः .............................

क्षति भएको जम्मा बाख्रा संख्याः ..............................

जम्मा क्षति प्रतिशतः ...........................................

प्रति बाख्रा मूल्य रू............................................. .

कुल क्षति मूल्य रू............................................. .

अधिक कट्टा गरी बाँकी मूल्यः......

फोटो संख्या .............................

भिडियो क्लिप समयः ..............................

(८) **क्षतिको मात्रा निर्धारण**

कुल क्षति प्रतिशतः

कुल क्षति रकमः

फोटो संख्या (कम्तीमा पाँचवटा) ..........................................................

भिडियो क्लिपको समयः(कम्तीमा एक मिनेट)....................................

माथि उल्लिखित बाख्रापालनमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष तथा पक्षपात रहित रहेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुझुँला ।

| दाँया | बाँया |
| --- | --- |
| | |

**क्षति मूल्याङ्कनकर्ताकोः**

नामः

सम्पर्क नं.:

मोबाइल नं.:

फोन नं.:

ईमेल ठेगानाः

कोड नं.:

दर्ता नं.:

तालिम इजाजतपत्र नं.:

हस्ताक्षर:

संस्थाको हकमा प्यान नं.:

संस्थाको हकमा कार्यालयको छाप:

मिति.............................

**................ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -६**
**(दफा २७ को उपदफा (१) सँग सम्बन्धित)**
**दावी भुक्तानी तालिका**

**एक महिनादेखि तीन महिनासम्म (नब्बे दिन) उमेर समूहको पाठापाठीको हकमा**

| विवरण | उमेर | वास्तविक क्षति प्रतिशत (बीमाङ्क रकमको) | कैफियत |
|---|---|---|---|
| १२ महिनासम्म | १ महिना (एकतीस दिन) देखि तीन महिना (नब्बे दिन) सम्म | २५ | |
| | तीन महिना (एकानब्बे दिन) माथि देखि छ महिनासम्म | ५० | |
| | छ महिना माथि देखि नौ महिनासम्म | ७५ | |
| | नौ महिना माथिदेखि बाह्र महिनासम्म | १०० | |

**द्रष्टव्य:** बीमकले बीमितलाई भुक्तानी गर्दा वास्तविक क्षति प्रतिशत (बीमाङ्क रकमको) दावी रकम निर्धारण गरी अधिक रकम कट्टा गरी भुक्तानी दिनुपर्नेछ।